# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४५) काठमाडौं, असोज १७ गते २०५२ साल (अतिरिक्ताङ्क २४

## भाग १

## शाही सन्देश

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरबारको सूचना

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाह देवबाट विजया दशमीको

शुभ–उपलक्ष्यमा २०५२ साल असोज १७ गते

देशवासीको नाममा बक्सेको सन्देश

प्यारा देशवासीहरू,

नेपाली मात्रको राष्ट्रिय चाड वडादशैंको शुभ–उपलक्ष्यमा समस्त नेपाली तथा सबै हिन्दूहरूको सुख, सुस्वास्थ्य र समृद्धिको लागि शुभकामना व्यक्त गर्न पाउँदा हामीलाई खुसी लागेको छ ।

राष्ट्रिय संस्कृति र परम्परा स्वतन्त्र राष्ट्रका गौरव हुन् । हाम्रो राष्ट्रियपहिचानको जगेर्ना एवं संरक्षणमा यिनको सम्मान र निरन्तरताले सघाउ पुग्दछ । नेपालीको जीवनस्तर समुन्नत भएमा मात्र यो सम्भव हुने भएकोले राष्ट्र–विकास नेपालीहरूले प्रजातान्त्रिक मान्यताको सुदृढीकरणका लागि गर्दै आएको प्रयासलाई आर्थिक दिशातर्फ पनि उन्मूख गराउनु परेको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री दुर्गा भवानीले आजको यस पुनीत अवसरमा आ-आफ्नो धार्मिक तथा सांस्कृतिक परम्परालाई कायम राख्दै राष्ट्रको सर्वाङ्गीण विकासमा जुट्न आवश्यक जाँगर, शक्ति तथा प्रेरणा सम्पूर्ण नेपालीलाई प्रदान गरून् ।

जय नेपाल !

हुकुम बक्से बमोजिम,
पशुपतिभक्त महर्जन
श्री ५ महाराजाधिराजका सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

३४०